सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६

| | | |
|---|---|---|
| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।०९।२१ गते। |

**श्री गृह मन्त्रालय।**
**राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।**

बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र(DEOC) हरुको मिति २०८०।०९।२१ गते बिहान ०७:०० बजे देखि मिति २०८०।०९।२१ गतेको बेलुका १७:०० सम्म विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार खुलाई पठाईएको व्यहोरा सादर अनुरोध गरिन्छ ।

- **आगलागी सम्बन्धी ।**

**जिल्ला बाजुरा ।**

मिति २०८०/०९/२१ गते अं.०७;३० बजेको समयमा जिल्ला बाजुरा खप्तड छेडेदह गा.पा. ७ लमगाउँ वस्ने भिम बहादुर रावतको खद्रा पसलमा एक्कासी बिधुत लाईन सट हुन गई आगलागी हुँदा पसलभित्र रहेका सर-समान जली नष्ट अन्दाजी ५,९१,००० ( पाँच लाख एकानव्बे हजार) बराबरको क्षति भएको,ऐ.०८;०० बजेको समयमा उक्त आगो स्थानियबासीको सहयोगमा पुर्ण रुपमा नियन्त्रणमा आईसकेको भनी ऐ.०८;३० बजेको समयमा टे.फो. मार्फत जिल्ला प्रहरी कार्यालय बाजुरामा जानकारी गराउना साथ अ.प्र.आटिचौरबाट प्र.ह. मोहन गिरीको कमाण्डमा ५ जनाको प्रहरी टोलि खटिइ गएको ।

- **ग्याँस सिलिण्डर पड्किदा मानिस घाईते ।**

**जिल्ला डोटी ।**

मिति २०८०।०९।२१ गतेको १३;१५ बजेको समयमा जिल्ला डोटी दिपायल सिलगढी नगरपालिका वडा नं. १ तिखा बस्ने बर्ष ४५ को खडक बहादुर खड्का आफ्नै घरमा खाना पकाउने क्रममा ग्याँस सिलिण्डर पड्किई घाईते भई उपचारको लागी ऐ.१३,४५ बजे जिल्ला अस्पताल डोटीमा ल्याएको र उक्त अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको लागी १४,५० बजे ऐम्बुलेन्स द्वारा सेती प्रादेशिक अस्पताल धनगढी रिफर । निजको छातीमा चोट, दुबै हातको कुईना भन्दा मुनी क्षेत बिक्षत भएको र शरिरको बिभिन्न भागमा चोट अवस्था सिरिएस भनि उक्त अस्पतालमा खटिएको नेपाल प्रहरीको डिउटी टोली बाट जानकारी प्राप्त ।